+Pass
DISCOVER MORE OPPORTUNITIES

प्रत्येक बच्चाले कहाँ बसमा चढ्दछ र बसवाट कहाँ ओर्लन्छ भन्ने कुरा जान्नु निकै महत्वपूर्ण हुन्छ । डिपिएसमा यातायात पाउन योग्य हुने प्रत्येक विद्यार्थी जस्ले विद्यालयको पहेंलो बस चढ्ने गर्दछ, उसले प्रत्येक दिन +पास (प्लस पास) को प्रयोग गर्ने आशा गरिन्छ, यसमा कुनै अपवाद हुदैन । गर्मी महिनाहरुमा सट्टा पास लिन वा अस्थायी पास लिनका लागि कृपया आफ्नो विद्यालयको कार्यालयमा वा यातायात सेवामा सम्पर्क राख्नुहोस् ।

रुटहरु र समयतालिकाहरु सम्बन्धी अध्याबधीक जानकारी लिनका लागि **transportation.dpsk12.org** हेर्नुहोस । आपतकालीन अवस्थामा विद्यालयलाई सूचित गरिने छ र आमावावुहरु/विद्यार्थीहरुसंग सिधै सम्पर्क गरिने छ ।

## +पास (प्लस पास) ले कसरी काम गर्दछ

1 विद्यार्थीहरुले स्कूल बस भित्र पस्दा वा त्यसवाट वाहिर निस्कदा आफ्नो +पास (प्लस पास) लाई कार्ड रिडर (कार्ड पढ्ने मेशिन) को अगाडि राख्नु पर्दछ ।

2 पासलाई पढियो भन्ने कुरालाई पुष्टि गर्न कार्ड रिडरले पिलिकपिलिक बज्ने छ र हरियो हुने छ, जसले +पास (प्लस पास) पढेको पक्का गर्दछ ।

3 विद्यार्थीले कहाँबाट स्कूल बसमा चढ्यो र कहाँ ओर्लियो भन्ने कुराको समय, मिति र ठाउँ तुरुन्तै सुरक्षित डाटावेसमा रेकर्ड हुन्छ, त्यसमा यातायातका कर्मचारीहरु र विद्यालयका कर्मचारीहरुको मात्र पहुँच रहन्छ ।

## सट्टा र अस्थायी +पास (प्लस पास)

- विद्यालयको फ्रन्ट अफिस (कार्यालय) बाट अस्थायी पास लिनु पर्दछ र त्यसलाई बढीमा पाँच दिन सम्म प्रयोग गर्न सकिन्छ । बैद्य सट्टा +पास (प्लस पास) लिनु पर्दछ ।
- हराएको +पास (प्लस पास) को सट्टामा अर्को पास लिनका लागि विद्यालयको फ्रन्ट अफिसमा जानुहोस ।

## विद्यार्थीहरु :

- सवै विद्यार्थीहरुले हरेक दिन +पास (प्लस पास) प्रयोग गर्नु पर्दछ ।
- तपाई स्कूल बसभित्र चढ्दा र त्यसवाट वाहिर निस्कदा आफ्नो +पास (प्लसपास) लाई स्क्यान (अगाडी राख्नुहोस्) गर्नुहोस ।
- आफ्नो +पास (प्लस पास) को लागि विद्यार्थीहरु जिम्मेवार हुन्छन् । कृपया आफ्नो कार्डलाई नचपाउनुहोस, नच्यात्नुहोस वा नहराउनुहोस ।

थप जानकारीको लागि
transportation.dpsk12.org/pass

## आमावावुहरु :

- तपाईको बच्चाले हरेक पटक स्कूलको बसमा चढ्दा उसले +पास (प्लस पास)को प्रयोग गर्दछ भन्ने कुरालाई सुनिश्चित गर्नुहोस ।
- आपतकालीन अवस्थामा +पास (प्लस पास) ले यातायात कार्यालयलाई र विद्यालयहरुलाई कुनकुन विद्यार्थीहरु बसमा छन् भन्ने कुरा ठीकसंग पहिचान गराउँदछ ।
- +पास (प्लस पास) ले डिपिएसलाई राम्रोसंग आफ्नो स्रोतसाधनहरुलाई अधिकतम बनाउन तथा आमावावुहरुसंगको संचारलाई अभिवृद्धि गर्न सक्षम बनाउदछ ।

## स्रोतसाधनहरु

- **विद्यालयको कार्यालय :** विद्यालयहरु तपाईले सर्म्पक गर्ने पहिलो ठाँउ हुन् र विद्यार्थीको बस सम्वन्धी जानकारी इन्फिनिट क्याम्पसवाट पुष्टि गर्न सकिन्छ ।
- **बसले चलान गर्दछ :** (७२०) ४२३–४६२४
  (बिहान ५:३० देखि बेलुका ७:३० )
  - बस १५ मिनेट भन्दा बढी समय ढीलो भएमा
  - विद्यार्थीले बस नचढेको भएमा
  - विद्यार्थीहरु हराएमा
  - सामानहरु हराएमा र पाइएमा

  डिपिएसको सुरक्षा : (७२०) ४२३–३९११
  (बेलुका ७:३० पछि वा आपतकालीन अवस्थामा)
- **यातायात :** (७२०) ४२३–४६००
  transportation@dpsk12.org
  - रुट र बस सम्बन्धी जानकारीका लागि
  - +पास (प्लस पास) सम्वन्धी प्रश्नहरुका लागि
  - सामान्य जानकारीका लागि
- **सेफ२टेल(आर) :** १ (८७७) ५४२ एसएएफइ
  - विद्यार्थीको सुरक्षा सम्वन्धी चासोहरुका सम्वन्धमा रिपोर्ट गर्ने
- **प्यारेन्ट पोर्टल :** myportal.dpsk12.org
  आमावावुहरुले अव विद्यार्थीको निम्न कुराहरु लगायतको महत्वपूर्ण् जानकारीमा पहुँच लिन सक्दछन् :
  - बसरुट सम्बन्धमा बिस्तृत कुराहरु (बस बिसौनीको ठाउँ र समयहरु)
  - +पास (प्लस पास) कार्डको उपयोग
  - यातायात सम्बन्धी महत्वपूर्ण अध्याबधिक कुराहरु

  प्यारेन्ट पोर्टल खोल्न (साइन अप गर्न) का लागि आफ्नो विद्यालयमा सर्म्पक गर्नुहोस

## योग्यता

बोर्ड अफ एजुकेशन (शिक्षा समिति) ले प्रदान गरेको योग्यताको मापदण्डको आधारमा यातायात सेवाहरु उपलव्ध हुन्छन् ।

- **एलिमेन्टरी स्कूल :** विद्यार्थीहरु के देखि कक्षा ५ सम्म भर्ना हुनु पर्दछ र आफ्नो सीमाको विद्यालयबाट १ (एक) माइल भन्दा पर वस्नु पर्दछ ।
- **मिडल स्कूल :** विद्यार्थीहरु कक्षा ६ देखि ८ सम्म भर्ना् हुनु पर्दछ र आफ्नो सीमाको विद्यालयवाट २.५ (अढाई) माइल भन्दा टाढा वस्नु पर्दछ ।
- **हाई स्कूल :** कक्षा ९ देखि १२ सम्ममा पढ्ने विद्यार्थीहरु जो आफ्नो सीमाको विद्यालयवाट ३.५ (साडे तीन) माइल भन्दा पर बस्दछन् उनीहरु आरटिडी पास कार्यक्रममा सहभागी हुन योग्य हुन्छन् ।

नोट : यातायातलाई प्रत्याभूत (ग्यारेन्टि) गरिएको छैन । आमावावुहरुले प्रत्येक बर्ष विद्यालय रोजाई (स्कूल च्वाइस) प्रक्रिया अपनाउदा उनीहरुले यो कुरामा विशेष रुपमा ख्याल गर्नु महत्वपूर्ण हुन आउछ ।

### अपवाद प्रक्रिया

यदि बिद्यार्थीलाई बस यातायात चाहिन्छ तर उसले वोर्ड अफ एजुकेशन (शिक्षा समिति) ले निर्धारण गरेको योग्यताको मापदण्डलाई पूरा गर्दैन भने यातायातको लागि अपवाद सम्वन्धी फाराम भर्नुहोस । यदि ठाउँ उपलव्ध भएमा अपवाद दिन सकिने छ । फारामहरु अनलाइनमा transportation.dpsk12.org/eligibility मा उपलव्ध छन् । प्रश्नहरु सोध्नका लागि (सोम–शुक्र, बिहान ८ वजे देखि दिउसो ३ वजे सम्म) (७२०) ४२३–४६९९ मा सर्म्पक गर्नुहोस ।

# बस सम्वन्धी महत्वपूर्ण जानकारी

## बिद्यालय पढाइ शुरु हुने पहिलो दिन भन्दा अगाडि

- बसको रुट सम्बन्धी जानकारीलाई पुनरावलोकन गर्नुहोस (बिहानको र बेलुकाको दुवैलाई)
- बसको रुट नम्वर सम्झनु होस
- बसले लैजाने र ओराल्ने समयहरु थाहा पाउनुहोस
- बस बिसौनी (हरु) ठाउँहरुलाई गएर हेर्नुहोस
- बसका कर्मचारीहरुलाई आफ्नो परिचय दिनुहोस

## बस बिसौनीमा पुग्न र त्यहाँवाट आउनका लागि

- कमसेकम १० मिनेट अगाडि बस बिसौनीमा आइपुग्नुहोस
- बस बिसौनीमा पुग्न र त्यहाँवाट आउन सुरक्षित रुटलाई अपनाउनुहोस
- नौलो मानिसहरुसंग कुरा नगर्नुहोस र नचिनेका व्यक्तिहरुको साधनमा चढ्नको लागि इनकार गर्नुहोस ।
  - यदि कुनै नौलो मानिसले तपाईलाई कुनै प्रस्ताव राख्ने कोशिस गरेमा सो कुरा तुरुन्तै बस चालकलाई जानकारी दिनुहोस
- आफूलाई तोकिएको बस बिसौनीमा र समयमा बस चढ्नुहोस
- यदि बस गैसकेमा वा बस आउन १५ मिनेट भन्दा ढीलो भएमा (७२०) ४२३–४६२४ मा फोन गर्नुहोस ।
  - नोट : बिद्यालयमा पढाइ हुन थालेको पहिलो दुई हप्तामा, हिउ परेको दिनहरुमा वा त्यहा ट्राफिक जाम भएको कारणले बसहरु ढीलो हुन सक्ने छन् ।

## बस विसौनीमा

- बस बिसौनीको वरिपरि रहेको सम्पत्तिको सम्मान गर्नुहोस । बिरुवाहरु लगाएको ठाउँमा यत्रतत्र जथाभानी फोहार मैला फाल्ने काम नगर्नुहोस वा नहिड्नुहोस
- बस चढ्नलाई तयार भएर बस्नुहोस र सडक पेटीको डिलवाट सडकवाट टाडै उभिनुहोस
  - नोट : बस आइपुग्यो भनी यात्रुहरुलाई सचेत गराउन बस चालकले बस विसौनीमा हर्न बजाउन सक्दैनन् । कृपया समयमा नै आउनुहोस
- खतराको क्षेत्रहरुवाट बाहिरै रहनुहोस (तलको आकृति हेर्नुहोस
- चढनको लागि +पास (प्लस पास) तयार राख्नुहोस ।

## बस चढ्दा

- सबै बिद्यार्थीहरुले हरेक दिन आफ्नो +पास (प्लस पास) को प्रयोग गर्नुपर्दछ !
- अगाडि फर्केर बस्नु होस
- पैताला र खुट्टाहरु बस भित्रको बीचको बाटो भन्दा वाहिर राख्नुहोस
- आफ्नो शरीरको सवै अंगहरु बस भित्रै राख्नुहोस
- सीटहरुलाई नरोक्नुहोस
- बस चालकको ध्यान अन्ततिर नजाओस भनेर बसमा बस्दा घरमा बोलिने जस्तो बिस्तारै बोल्नुहोस
- स्कूल बसमा ठूला र हानीकारक बस्तुहरु लैजान बर्जित गरिएको छ
- स्क्येक्ट बोर्डहरु र खेलकुदका उपकरणहरु पुरै मात्रामा झोला भित्र हालिनु पर्दछ

## बसवाट बाहिर निस्कदा

- बिद्यार्थीहरुले तोकिएको बस बिसौनीमा मात्र बसवाट ओर्लनु पर्दछ
- यदि वेग्लै बस बिसौनीमा ओर्लनु आबश्यक भएमा त्यसका लागि आमावावु र बिद्यालय प्रशासकवाट लिखित अनुमति लिनु पर्दछ
- बस पूरा नरोकिए सम्म र ढोका नखुले सम्म सीटमा नै बसी राख्नुहोस ।

## बिशेष निर्देशनहरु

- बिशेष शिक्षाका बिद्यार्थीहरु बिद्यार्थीलाई रेखदेख विना एक्लै छोडन सकिदैन भनी चालकले दिने निर्देशनहरुले संकेत गरेमा आमावावु, अभिभावक वा तोकिएको अन्य बयस्क व्यक्तिले बसलाई भेट्नु पर्दछ ।
- आधादिन सम्म पढ्ने किन्डरगार्टेन र इसिइका विद्यार्थीहरुलाई अधिकार प्राप्त अभिभावकले भेट्नु पर्दछ । दिनको आखिरमा छुट्टि दिइने किन्डरगार्टेनका बिद्यार्थीहरुलाई उ भन्दा जेठो सहोदर दाजु/दिदीको साथ लगाएर वा अधिकृत बयस्क व्यक्तिको साथ लगाएर तोकिएको बस बिसौनीमा ओरालिने छ तथा विना रेखदेख निजलाई एक्लै छोडिने छैन ।
- कसैको रेखदेख बिना एक्लै छोड्न नसकिने बिद्यार्थीहरु र जसका बयस्क व्यक्तिहरु भेटिदैनन् त्यस्ता बिद्यार्थीहरुलाई बसमा नै राखि रुटमा लगातर लगिरहने छ । त्यसको परिणाम स्वरुप त्यस्ता बिद्यार्थीहरुलाई बसटर्मिनलमा लिएर जान सकिने छ ।

## बसमा बिद्यार्थीहरुको व्यबहार

- अरुलाई आदर गर्ने हुनुहोस, सहृदयी शव्दहरुको प्रयोग गर्नुहोस, पहिला सुरक्षा हेर्नुहोस
- **व्यवहारको गम्भीर उलंघनहरु :** गम्भीर व्यवहारहरुमा पर्दछन् : गालीगलौज गर्ने/अनुपयुक्त भाषा प्रयोग गर्ने, लडाइ झगडा गर्ने/शारीरिक आक्रमण गर्ने, प्रताडित गर्ने/निर्धोलाई सताउने (बुलिङ) काम गर्ने, सम्पत्तिको क्षति गर्नु/तोडफोड गर्ने, चोरी गर्ने, यौनजन्य व्यबहार गर्ने, यातायातका कर्मचारी संग आक्रामक रुपमा भिडने
- **निर्धोलाई सताउने (बुलिङ) :** डिपिएस भित्र निर्धोलाई तर्साउने सताउने (वुलिङ गर्ने) काममा शून्य सहनशीलता छ । यदि कुनै बिद्यार्थीलाई सताउने (वुलिङ गर्ने) काम गरिन्छ वा उसले आफूलाई असुरक्षित महसुस गर्दछ भने उसका कुनै पनि चिन्ता र चासोहरु तुरुन्त बसचालकहरुलाई वा वसका सहायकलाई बताउन उसलाई भनिएको छ ।

यदि उक्त बिद्यार्थी अरुहरुको सुरक्षाको लागि खतरा भएमा, बिद्यालयको पछिको क्रियाकलापमा अपवाद वापत चढ्न पाउनेहरुलाई वा व्यवहार लाई एकदमै उलंघन गर्ने बिद्यार्थीहरुलाई बसको सुविधावाट निलम्बन गर्ने अधिकार यातायात कार्यालयले आफूमा सुरक्षित राखेको छ । बोर्ड (समिति) को उपयुक्त नीति अनुसार बिद्यार्थीले आफ्नो बिद्यालयवाट त्यस्को परिणतिहरु पनि भोग्नु पर्ने हुन सक्दछ ।

## बैकल्पिक यातायात

- **बिद्यालय साईकलमा जादा :**
  - हेलमेट र सुरक्षा गेयर लगाउनुहोस
  - दाहिनेतिर/ट्राफिक कै दिशा तिर सवारी चलाउनुहोस
  - ट्राफिकलाई हेर्नुहोस
  - सीधारेखामा चलाउनुहोस
  - सडकमा प्रवेश गर्नु भन्दा ड्राइभवेजको अन्तमा पुगेपछि रोक्नुहोस
- **हिडेर बिद्यालय जाँदा :**
  - संगसंगै हिड्नुहोस
  - देखिने गरी हिड्नुहोस
  - ट्राफिकलाई हेर्नुहोस
  - सुरक्षित साथ सडक पार गर्नुहोस र क्रसवाकहरु (वारपारगरेर हिड्ने ठाउँहरुमा सधैं पेटीहरुवाट हिड्नुहोस
  - ट्राफिक संकेतहरु, चिन्हहरुलाई पालना गर्नुहोस र बिद्यालयमा वार पार गरी हिड्दा गार्डहरुले भनेको कुरा मान्नुहोस




रोक्नुहोस ! यो कानन हो !

- बत्ती फ्ल्यास गर्नु (पिलिक पिलिक वल्नु) को मतलव हो रोकिनुहोस भन्ने हो ।
- केटाकेटीहरु त्याहाँ छन्
- रातो बत्ती वल्न नरोकिए सम्म अगाडि नबढ्नुहोस